## श्री काठमाडौ जिल्ला अदालत

### बबरमहल काठमाण्डौ

जिन्सि शाखा

फोननं४४२२३९३२

मिती:-२०७६/०५/१०

विधुतिय सामाग्रि लिलामको सुचना

**सुचना प्रकाशन मिती २०७६/०५/११**

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशिको रूपमा प्राप्त हुन आई २०७० साल चैत्र महिना देखि २०७२ साल श्रावण महिना सम्ममा जिन्सिमा आम्दानि बाँधिएका मुल्यांकन सुचिमा उल्लेखित बिधुतिय सामाग्रिको न्युमतम् मुल्य रू.६७,००५/- कायम गरि जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिमका निकायहरूमा सुचना जारीगरि बोलपत्रद्धारा लिलाम बिक्रि गर्ने गरि मिती २०७६/०१/२४ मा भएको निर्णय बमोजिम ईच्छुक व्यक्ति,संस्था वा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही **वोलपत्रको माध्यमद्धारा** लिलाम बिक्रि गर्ने व्यहोरा सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.वोलपत्रद्धारा लिलामबिक्रि गरिने मिती समय र स्थानः-२०७६/०५/२६ गते दिउसो १.०० बजे देखि ३.०० बजेसम्म यस अदालतको जिन्सि शाखा।

२. वोलपत्रमा सहभागि हुने व्यक्ति,संस्था वा फर्मले मिती २०७६/०५/२६ गते १२.०० बजेसम्म व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि सहित र संस्था वा फर्मको हकमा संस्थाको करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखि व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको आधिकारिक व्यक्तिबाट वोलपत्र फारम दस्तुर रू.१,०००/- तिरी वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

३. त्यसरी निवेदन दर्ता गराउने व्यक्ति, संस्था वा फर्मले मिती २०७६/०५/२६ गते १ बजेदेखि ३ बजेसम्म सम्पन्न हुने वोलपत्र बढाबढमा स्वयं उपस्थीत हुनुपर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ति,संस्था वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई बोलपत्रमा सहभागि गराईने छैन ।उक्त दिन कुनै बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने पहिलो दिन सोहि मिती समयमा वोलपत्रद्धारा उपरोक्त विधुतिय सामाग्रिहरु लिलाम बिक्रि गरिनेछ ।

४. वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गराई निर्धारित समयमा एकजना व्यक्ति , संस्था वा फर्म मात्र उपस्थित भए वोलपत्र बढाबढद्धारा मुल्य कायम गरिने र एक भन्दा बढि व्यक्ति, संस्था वा फर्म उपस्थित भएमा उपस्थित व्यक्ति,संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने पक्ष बिच वोलपत्र बढाबढ प्रकृयामा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थालाई उक्त सम्पुर्ण बिधुतिय सामाग्रि लिन मन्जुर गर्ने पक्षलाई वोलपत्रद्धारा बिक्रि गरिनेछ ।सो प्रकृया एकमुष्ट रूपमा उक्त लिलाममा चढेका बिधुतिय सामाग्रि लिन ईच्छुक व्यक्ति संस्था वा फर्मलाई वोलपत्रद्धारा लिलाम बिक्रि गरिनेछ ।

५.वोलपत्रमा आफुले कवुल गरेको रकमको १० प्रतिशतले हुने रकम सोहि दिन नगदै धरौट राखु पर्नेछ ।वोलपत्रमा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति,संस्था वा फर्मको बाहेक अन्यको धरौटि नियमानुसार फिर्ता गरिनेछ ।

६. वोलपत्रमा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्थाले ७ दिनभित्र आफुले कवुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धिकर र बाँकि रकम समेत बुझाई सो बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको ७ दिन भित्र मुल्य अभिबृद्धि कर र बाँकि रुपैंया नबुझाएमा वोलपपत्रको समयमा पेश भएको १० प्रतिशत रकम जफत हुनेछ ।

७. लिलाममा चढेको सम्पुर्ण बिधुतिय सामाग्रिहरू तोकिएको न्युनतम् मुल्य वा सो भन्दा बढिमा लिन मन्जुर गर्ने पक्षलाई लिलाम गरिने हुँदा सो को लाग्ने रकम एकमुष्ट कवुल गर्नु पर्नेछ ।

८. लिलाम गरिने बिधुतिय सामाग्रिहरू हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि हेर्न सकिनेछ ।

९. एउटाको नाममा दर्ता हुन आएको निवेदनपत्र अन्यले प्रयोग गर्न पाउने छैन ।निवेदनपत्र दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

१०. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।लिलाम हुने सम्पुर्ण बिधुतिय सामाग्रिहरूको न्युनतम् एकमुष्ट मुल्य रू. ६७,००५/- (सतसठ्ठिहजार पाँच रूपैंया) रहेको छ ।